जसले अल्लाहको वचन (तौहीद) सर्वोच्च होस् भन्ने लक्ष्य लिएर लड्छ, ऊ नै मात्र अल्लाहको मार्गमा लडिरहेको हुन्छ।

अबू-मूसा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
सँग (विभिन्न मनोवृत्ति साथ युद्धमा भाग लिनेबारे सोधियो): "कोही बहादुरी देखाउन
लड्छ, कोही जातिवाद (हठ वा पक्षपात) का लागि लड्छ, अनि कोही देखावटी वा प्रशंसा पाउन लड्छ। यीमध्ये कुन अल्लाहको मार्गमा (गरिएको) युद्ध हो?" रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले जवाफ दिनुभयो:"जसले अल्लाहको वचन (तौहीद) सर्वोच्च होस् भन्ने लक्ष्य
लिएर लड्छ, ऊ नै मात्र अल्लाहको मार्गमा लडिरहेको हुन्छ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई विभिन्न उद्देश्य लिएर लड्नेहरू बारे सोधिएको थियो, कोही बहादुरी प्रदर्शन गर्न लड्छ, कोही पक्षपातको लागि लड्छ र कोही देखावती को लागि लड्छ, तिनीहरूमध्ये कुन व्यक्ति अल्लाहको मार्गमा हुन्छ? जवाफमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: अल्लाहको वचन (तौहीद) लाई उच्च पार्न लड्ने व्यक्ति नै केवल अल्लाहको मार्गमा हुन्छ ।

https://sunnah.global/hadeeth/ne/show/2969